नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
रेड कार्यन्वयन केन्द्र
बबरमहल, काठमाण्डौ

फोन नं. : ०१-५३१५२६१

प.सं. :
च.नं. :

मिति बि.स. २०८३/०६/०१
ने.स. ११४६ अलाथ्व षष्ठी-६, बिहिवार

## लीफ कोलिसन अन्तर्गत

## कार्बन उत्सर्जन न्यूनीकरण कार्यक्रममा कार्बन अधिकारको दावी गर्न र कार्बन लाभ लिनका लागि सहभागिता जनाउन निजी जग्गामा वन लगाएका वा हुर्काएका वनका जग्गाधनीहरुले निवेदन पेश गर्ने सम्बन्धी सूचना

# सूचना प्रकाशित मिति: २०८३।०६।०१

नेपाल सरकारले लीफ कोलिसन अन्तर्गत बागमती, लुम्बिनी र गण्डकी प्रदेशको वन क्षेत्रमा सञ्चालित कार्बन उत्सर्जन न्यूनीकरण कार्यक्रमबाट प्राप्त लाभ समुदायस्तरमा प्रवाह गर्ने क्रममा रेड कार्यान्वयन केन्द्रले वन ऐन, २०७६ तथा वन नियमावली, २०७९, कार्बन व्यापार नियमावली, २०८२ र प्रचलित कानून बमोजिम उत्सर्जन न्यूनीकरण तथा कार्बन सञ्चितिमा योगदान गर्ने निजी वन धनीहरुसँग र निजी जग्गामा वन लगाएका वा हुर्काएका वन धनीहरुले उल्लिखित मापदण्डमा पर्ने वनको प्रचलित कानुन अनुसार कार्बन अधिकार दावी गर्न र सम्झौता गरी कार्बन उत्सर्जन न्यूनीकरण वापत लाभ लिने प्रयोजनका लागि यो सूचना प्रकाशन गरिएको छ।

नेपाल सरकारले लीफ कोलिसनको कार्बन उत्सर्जन न्यूनीकरण कार्यक्रमका लागि आर्किटेक्चर फर रेडप्लस ट्रान्ज्याक्सन (आर्ट)को सचिवालयमा द रेडप्लस इन्भाइरोन्मेन्टल एक्सिलेन्स स्टयाण्डर्ड (ट्रीज) मा आधारित भई ट्रीज रजिष्ट्रेसन डकुमेन्टस् र पहिलो ट्रीज मोनिटोरिङ प्रतिवेदन (सन् २०२२ देखि सन् २०२३ सम्म) पेश गरेको छ।

लीफ कोलिसनको कार्बन उत्सर्जन न्यूनीकरण कार्यक्रमको सन् २०२२ देखि सन् २०२६ सम्मको क्रेडिटिङ्ग पिरियडका लागि कुनै व्यक्ति वा संस्था वा कम्पनीले कार्बन व्यापार नियमावली, २०८२ अनुसार वन क्षेत्रका कुनै कार्बन परियोजना दर्ता भई सम्बन्धित निकायबाट अनुमति लिई कार्यान्वयन भएको सरकारी अभिलेखबाट समेत नदेखिएकोले बागमती, लुम्बिनी र गण्डकी प्रदेशको सन् २०११ पश्चात् कम्तिमा ०.५ हेक्टर (१० रोपनी/१५ कट्ठा)मा एकल वा सामुहिकरुपमा आफ्नो निजी जग्गामा वन लगाई वा हुर्काई वनको कम्तिमा १० प्रतिशत छत्र घनत्व कायम भई र पाँच मीटर उचाईसम्मको रुखबिरुवाहरु हुर्काई वन स्थापना गरेको भए वा वन क्षेत्र संरक्षण गर्दै निजी वन दर्ता गरेको भएमा कार्बन उत्सर्जन न्यूनीकरण कार्यक्रममा प्रचलित कानुन अनुसार कार्बन अधिकार दावी गर्न वा नेपाल सरकार, कृषि, वन तथा पर्यावरण मन्त्रालयबाट अग्रिम स्विकृती लिई कसैसँग सम्झौता गरेको भए सो को प्रमाण सहित कार्बन अधिकार दावी गर्न समेत यो सूचना प्रकाशन गरिएको छ।

वन स्थापना गर्ने जग्गाधनीहरुसँग सम्झौता गरी कार्बन उत्सर्जन न्यूनीकरण कार्यक्रममा सहभागिता सहित कार्बन अधिकार दावी गर्न र लाभ लिने प्रयोजनका लागि यो सूचना प्रकाशन भएको मितिले ४५ दिनभित्र यसै सूचना साथ संलग्न ढाँचामा आवश्यक कागजात सहित रेड कार्यान्वयन केन्द्रको इमेल info@redd.gov.np मा वा सूचना अधिकारीको ह्वाट्सएप नम्बरमा वा निजी वन रहेको जिल्लाको डिभिजन वन कार्यालय समक्ष आफै उपस्थित भई वा उक्त कार्यालयको इमेल ठेगानामा आफ्नो निजी हकभोगको जग्गाधनी प्रमाणपूर्जा र गत आर्थिक वर्षमा मालपोत तिरेको रसिद आफ्नो निजी हकभोगको जग्गाको फिल्डबुक र क्याडस्ट्रल नक्सा वा ट्रेस नक्सा र जिपिएस लोकेसन सहित निवेदन पेश गर्नका लागि निजी वनका इच्छुक जग्गाधनीहरुका लागि सूचित गरिएको छ। प्राप्त निवेदनहरुको समीक्षा गरी कार्बन बिक्री अधिकार लाभ प्रदानका लागि निर्णय गर्ने प्रकृया लाभको बाँटफाँट योजना बमोजिम हुनेछ।

निवेदन पेश नगर्ने वन धनीको हकमा निजको जग्गामा रहेको निजी वन स्वतः उत्सर्जन न्यूनीकरण कार्यक्रममा समावेश गरी सोबाट सृजित कार्बन विक्रीका लागि निजी वनधनीले नेपाल सरकारलाई सहमति प्रदान गरेको मानिनेछ। कसैले ०.५ हेक्टर (१० रोपनी/१५ कट्ठा) भन्दा कम क्षेत्रफलमा र १० प्रतिशत छत्र घनत्व कम भएको वा पाँच मीटर भन्दा कम उचाई वन क्षेत्र प्राविधिकरुपमा वनको परिभाषामा नपर्ने भएकोले ती क्षेत्रलाई समावेश नगरिने बेहोरा जानकारीका लागि अनुरोध छ। कार्बन उत्सर्जन कार्यक्रमका विषयमा सम्बन्धमा थप जानकारी, सुझाव वा गुनासोका लागि रेड कार्यान्वयन केन्द्र वा नजिकको डिभिजन वन कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

*(कार्बन उत्सर्जन न्यूनीकरण कार्यक्रम र सोको लाभमा सहभागी हुनका लागि निजी वनका जग्गाधनीहरुले पेश गर्ने निवेदनको ढाँचा केन्द्रको वेबसाइटमा राखिएको छ ।)*